# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं आषाढ २४ गते ०९ साल

भाग ११

## यातायातमन्त्रालयको सूचना

अबउप्रान्तलाई रातो ।८ पैसे टिकट छापेको तथा ।४ पैसे हरियो टिकट छापेका खामहरूमध्ये नेपाल सरकार हुलाक बिभागका डाइरेक्टरका छाप लागेका मात्रमा चिठी हाली चलाएको चिठीहरू चल्नेछन् । उक्त डाइरेक्टरको छाप नलागेको उपरोक्त खामहरूमा हाली चलाएका चिठीहरू रद्दी गरिने हुँदा आफ्नो गन्तव्यस्थानमा पुग्नेछैनन् । तसर्थ त्यस्ता खामहरू आफ्नो पसल घरहरूमा भए-देखि तिनीहरूलाई यथाशीघ्र उक्त डाइरेक्टरको आफिस ( डिल्लीबजार ) मा लगी सो छाप लगाउने काम गर्नु , गराउनू । अबदेखि जिल्ला तथा सदरका सबै हुलाक-हरूमा समेत उक्त डाइरेक्टरका छाप लागेका उक्त खामहरू नै बिक्री हुनेछन् ।

रामचन्द्र,

डिपुटि सेक्रेटरी

गोरखापत्र छापाखानाबाट प्रकाशित

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३/६४